# लोक सेवा आयोग

## नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रशासन, प्रशासन, व्यापार प्रशासन, सातौं, वरिष्ठ अधिकृत पदको आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा

२०७८।०९।०२

पत्र : द्वितीय
समय : ३ घण्टा पूर्णाङ्क : १००

### विषयः सेवा सम्बन्धी

| प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |
|---|

**खण्ड "क"** **५० अङ्क**

१. अन्तर्राष्ट्रिय व्यापारमा तुलनात्मक लाभ (Comparative Advantage) को परिचय दिनुहोस् । ५

२. नेपालमा हवाई यातायातको वर्तमान अवस्थाको बारेमा प्रकाश पार्नुहोस् । ५

३. नेपालको हवाई नीति, २०६३ को बारेमा छोटकरीमा उल्लेख गर्दै यस नीतिका उद्देश्यहरूमाथि प्रकाश पार्नुहोस् । ५+५=१०

४. राष्ट्रिय र अन्तर्राष्ट्रिय अन्तरआवद्धतामार्फत अर्थतन्त्रमा सुधार गर्न हवाई यातायातको महत्व दर्शाउँदै नेपालको हवाई यातायातमा सुधार गर्नका लागि आगामी १० वर्षभित्र सम्पन्न गर्न सकिने संक्षिप्त कार्ययोजना पेश गर्नुहोस् । ३+७=१०

५. बजेटका सिद्धान्तहरू उल्लेख गर्दै नेपालको सन्दर्भमा बजेट कार्यान्वयनका चुनौतीहरू के-के हुन्? स्पष्ट पार्नुहोस् । १०

६. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र नेपाल नागरिक उड्डयन प्राधिकरणबीचको सम्बन्ध कार्यात्मक र सफल बनाउन तथा हवाई यातायातको सुदृढीकरणका लागि के-कस्ता नेतृत्व सीप, क्षमता आवश्यक पर्दछ? विवेचना गर्नुहोस् । १०

**खण्ड "ख"** **५० अङ्क**

७. COVID-19 महामारीको असरस्वरूप विश्वव्यापीकरणको प्रवृत्तिमा के-कस्तो उतारचढाव आएको पाउनुहुन्छ? उल्लेख गर्नुहोस् । ५

८. विद्युतीय बजारीकरण (E-marketing) भनेको के हो? बजारीकरणका सम्बन्धमा चार Ps को बारेमा वर्णन गर्नुहोस् । १+४=५

९. व्यवसाय सञ्चालन गर्दा के-कस्ता सामाजिक, नैतिक र उपभोक्ता सरोकारका विषयमा ध्यान पुऱ्याउनु पर्दछ? नेपालमा हवाई सेवा विस्तारका सन्दर्भमा यससम्बन्धी व्यवहारिक सुझावहरू प्रस्तुत गर्नुहोस् ।१०

१०. बजार विभाजन (Market Segmentation) भनेको के हो? उड्डयन उद्योगमा बजारलाई कसरी विभाजन गर्न सकिन्छ? उल्लेख गर्नुहोस् । ४+६=१०

११. Write short notes on: 5+5=10

   a) Business ethics in Nepal
   b) Role of marketing department in Nepal Airlines

१२. बजारशास्त्र सूचना प्रणाली (Marketing information system) भनेको के हो? बजारशास्त्र सूचना प्रणालीका तत्वहरू (components) उल्लेख गर्दै यसले बजारशास्त्रमा के योगदान गर्दछ? प्रष्ट पार्नुहोस् । १०

:: समाप्त ::